फोन नं. : ०६७ ४३०१०२/१०३

फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत

## हार्दिक आवह्‌वान

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि नगर कार्यपालिकाले विभिन्न संयन्त्र परिचालन गरी नगरवासीको सचेतना, प्रभावित क्षेत्रवाट आएका व्यक्तिहरुको निगरानी र व्यवस्थापन, होम क्वारेन्टाईन, टोल क्वारेन्टाईन र नगर स्तरीय क्वारेन्टइनको व्यवस्थापन, आइस्युलेशनको पूर्व तयारी, नगर भित्र रहेका दैनिक ज्यालामज्दुरी गरी जिविकोपार्जन गर्ने घरपरिवारको तथ्यांक संकलन लगायतका कार्यहरु भईरहेका छन । कोभिड १९ वाट नागरिकहरुलाई जोगाउनु र सम्भावित संक्रमणलाई नियन्त्रण गर्न नगर कार्यपालिकाको सम्पूर्ण ध्यान केन्द्रित भएकोले यस विपतको घडिमा नगरवासीहरुलाई नआत्तिन, धैर्य गर्न र उच्च मनोवलका साथ कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि सरकारको प्रयासलाई पूर्ण साथ दिन अपिल गर्दछ ।

नोवेल कोरोना भाईरसको महामारी नियन्त्रण र रोकथामको लागि गरिएको लकआउटवाट नगरवासीहरु खाद्यन्न अभावमा कोहि पनि भोकै वस्न नपरोस भन्ने उद्देश्यले अति न्युन आयश्रोत भएका घरपरिवार, विहान वेलुका चुलो वाल्न दैनिक ज्याला मजदुरी गर्ने, लकडाउनका कारण आयश्रोत गुमेका परिवारको खाद्यसुरक्षा र क्वारेनटाईन व्यवस्थापन, विरामीको उद्धार एवं उपचारका लागि नगर कार्यपालिकाले राहतका कार्यक्रम अगाडी वढाएको छ ।

कोरोना भाइरस (कोभिड १९) को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार र राहतका लागि राष्ट्रिय वाणिज्य वैंक फलेवास शाखामा विपत व्यवस्थापन कोष (खाता नं. ग-५-४ ३५४०३०५०४९४०२) संचालन गरी नगर कार्यपालिकाले रु.३५ लाख जम्मा गरि कोषको शुरुवात गरेको छ । विपतको यस घडिमा जनप्रतिनिधि, राष्ट्रसेवक, शिक्षक, कर्मचारी, राजनैतिक दल, उद्योगी व्यापारी, वित्तिय तथा सामाजिक संघसंस्था र अन्य महानुभावहरुलाई उक्त कोषमा सहयोग गर्न हार्दिक आवह्‌वान गर्दछौं ।

साथै संकटको यस घडीमा राहत वितरणमा दोहोरोपना हुन नदिन र एकद्धार कायम गर्न अन्य संघसंस्थाहरुलाई नगर क्षेत्रमा राहत वितरणका कार्य गर्न रोक लगाईएकोले कसैले नगर क्षेत्रमा राहत सहयोग गर्न चाहेमा नगरको उक्त कोषमा राहत हस्तान्तरण गर्नु हुन समेत नगर कार्यपालिका हार्दिक अपिल गर्दछ ।

मिति : २०७६ साल चैत्र १९ गते

घदमपाणी शर्मा
नगर प्रमुख

Phon no: 067-430102/430103/430104
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com